# बहाल कर असुली सम्बन्धी कार्यविधि निर्देशिका, २०६८

## प्रस्तावना

बहाल आय घोषणा गराउने, कर असुल उपर गर्ने, गलत ढंगबाट घोषणा भएको अवस्थामा कानुन सम्मत ढंगले कर निर्धारण गरी असुलउपर गर्ने समेतको कार्यलाई व्यवस्थित गर्न आवश्यक भएकोले,

यो कार्यविधि जुनसुकै किसिमको वहाल आय भएका करदाताहरूलाई कानुनी रूपले करको दायरामा समेटी सरल तरीकावाट वहाल आयको कर निर्धारण तथा असुलीको लागि तर्जूमा गरिएको हुँदा यसमा रहेका प्रावधानहरू जुनसुकै किसिमबाट वहाल आय आर्जन गर्ने जुनसुकै व्यक्तिले अनिवार्य रूपमा परिपालन गर्नुपर्ने,

यसको परिपालना नगरेको हकमा उक्त व्यक्तिलाई आयकर ऐन, २०५८ बमोजिम शुल्क, जरिवाना तथा व्याज समेत लगाई असुलउपर गरिने समेत प्रयोजनका लागि आयकर ऐन २०५८ को दफा १३९ ले दिएको अधिकार प्रयोग गरी आन्तरिक राजस्व विभागबाट यो बहाल कर असुली सम्बन्धी कार्यबिधि निर्देशिका तयार गरी जारी गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(१). यो कार्यविधिको नाम वहाल कर असुली सम्बन्धी कार्यविधि निर्देशिका, २०६८ रहेको छ ।

(२). यो कार्यविधि निर्देशिका आन्तरिक राजस्व विभागबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

## २. परिभाषाः

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधि निर्देशिकामा

(क) "प्राकृतिक व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति विशेष संझनु पर्छ । यसले एउटै प्राकृतिक व्यक्तिको रूपमा रहेको मानिने गरी आयकर ऐन, २०५८ को दफा ५० बमोजिम छनौट भएको दम्पत्तीलाई समेत जनाउँदछ ।

(ख) "निकाय" भन्नाले प्राकृतिक व्यक्ति बाहेकको अन्य व्यक्ति संझनुपर्छ ।

## ३. बहाल आयकर तिर्ने दायित्वः

आयकर ऐन, २०५८ को दफा १०(झ) मा उल्लिखित व्यक्ति वाहेक अन्य सवै व्यक्तिलाई कानुनी रूपले वहाल आयमा आयकर तिर्ने दायित्व रहनेछ ।

## ४. <u>आय बिवरण पेश गर्नु नपर्ने:</u>

(१) आयकर ऐन, २०५८ को दफा ९२ मा उल्लिखित प्राकृतिक व्यक्तिको भने श्रोतमा कर कट्टी गरिएको रकम नै अन्तिम मानिने हुँदा आय विवरण पेश गर्नु पर्ने छैन ।

(२) अन्य व्यवसायबाट आय आर्जन गर्ने प्राकृतिक व्यक्तिको वहाल आय समेत भएको अवस्थामा निजले निर्धारित समय भित्र आय विवरण पेश गर्नु पर्नेछ ।

(३) प्राकृतिक व्यक्ति वाहेकका निकायले ऐनद्वारा निर्धारित समय भित्रै बर्ष भरी आफुले प्राप्त गरेको वहाल आय समेत समावेश गरी आय विवरण पेश गर्नु कानुनी दायित्व हुनेछ ।

## ५. <u>बहाल आय करको दर:</u>

प्राकृतिक व्यक्तिको लागि करको दर बहाल आयको दश प्रतिशत रहेको छ । व्यवसाय सहित वहाल आय आर्जन गर्ने प्राकृतिक व्यक्ति र निकायको हकमा भने आयकर ऐनको अनुसुची १ बमोजिम कर लाग्नेछ ।

## ६. <u>खर्च कट्टी सम्बन्धमा:</u>

प्राकृतिक व्यक्तिले आफ्नो वहाल आयसँग सम्वन्धित कुनै पनि खर्च कट्टी गर्न पाउने छैन भने व्यवसाय सहित वहाल आय आर्जन गर्ने प्राकृतिक व्यक्ति एवं निकायले आय सँग संम्वन्धित वास्तविक खर्च कट्टी गर्न पाउनेछन् ।

## ७. <u>कर सम्बन्धी दायित्व निसर्ग:</u>

आयकर ऐन, २०५८ अनुसार श्रोतमा कर कट्टी गर्ने व्यक्ति एवं वहाल आय आर्जन गर्ने व्यक्ति समान रूपले आ(आफ्नो कर सम्वन्धी दायित्व निसर्ग गर्नको निमित्त जिम्मेवार रहनेछन् ।

## ८. <u>बहाल आय प्राप्त गर्ने:</u>

प्राकृतिक व्यक्ति वा निकाय दुवैले आ(आफ्नो दायित्व निर्वाह गर्न एवं वहाल आयकर प्रशासन गर्ने निकायले आफ्नो जिम्मेवारी पुरा गर्न निम्नानुसारको कार्यविधि एवं प्रकृयाको अवलम्वन तथा परिपालन गर्नुपर्नेछ ।

(१) **प्राकृतिक व्यक्ति**

प्राकृतिक व्यक्तिले आवाशीय वा व्यापारिक दुवै किसिमल आफ्नो घर, जग्गा वा अन्य सम्पत्ति बहालमा लगाई आय आर्जन गरेको सम्बन्धमा निम्न कार्यविधि अपनाइनेछ ।

(क) आवाशीय घरको लागि कार्यालयमा अभिलेख रहने गरी गा.वि.स., नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका हरूले उपलब्ध गराएको घर नंवरको आधारमा मूल सडक, प्रशाखा, उपशाखा वा गल्ली समेत खुल्ने गरी आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयहरूबाट घर धनीको विवरण संकलन गरिनेछ । सो को साथै अन्य निकायहरू जस्तै निर्वाचन आयोग, प्रहरी संगठन आदि जस्ता निकायहरूबाट प्राप्त सूचना एवं घर धनी स्वयं बाट उपलब्ध सूचना आदि समेत जनाई दाखिला गरेको कर समेतको विवरण राख्न मिल्ने गरी सफ्टवेयर मार्फत अभिलेख राखिनेछ ।

(ख) त्यस्ता बहाल दिने ब्यक्तिलाई व्यक्तिगत आयकर नंवर प्रदान गरिनेछ । यो नंवर प्रदान गरे पश्चात ती व्यक्ति करको दायरामा रहेको पहिचान हुने भए पनि सो भन्दा अगाडिको आयको सम्बन्धमा भने नगरपालिकाको घर नंवर एवं तथ्याङ्कलाई आधार लिइनेछ ।

(ग) उपलब्ध व्यक्तिगत आयकर नंवरको आधारमा करदाताले आफ्नो आयको घोषणा विद्युतीय माध्यम मार्फत गर्न सक्नेछन् र आफुले बुझाएको कर समेतको जानकारी प्राप्त गर्न सक्नेछन् । यस्तो घोषणा आय विवरण पेश गर्ने जस्तो नभएर स्वयं कर निर्धारणमा आधारित अवधिगत आयको घोषणा मात्र हुनेछ ।

(घ) आफ्नो पहिचान नंवर पाएका सवै वहाल धनीलाई एउटा कर दर्ता पुस्तिका ४ बर्ष सम्म प्रयोग हुने गरी उपलब्ध गराइनेछ । यो पुस्तिका सम्बन्धित करदाता सेवा कार्यालयबाट वा आन्तरिक राजस्व कार्यालयहरूबाट उपलब्ध गराइनेछ वा अवस्था अनुसार सम्बन्धित कर्मचारीले करदाता समक्ष पुर्‍याउनेछन् ।

(ङ) सो पुस्तिकामा भुक्तानी पाएको घर वहाल रकम, कर दाखिला गरेको बैंकको नाम, कर रकम, मिति र भौचर नंबर वहाल धनी स्वयंले जनाउनु पर्नेछ ।

(च) बहाल आयको कर श्रोतमै कट्टी भएको अवस्थामा श्रोतमा कट्टी गर्ने व्यक्तिले र श्रोतमा कर कट्टी नभएको अवस्थामा बहाल आय प्राप्त गरेको अर्को महिनाको १५ गते भित्र अनिवार्यरूपमा नजिकको राजस्व दाखिला हुने बैंकमा भौचर भरी दाखिला गर्नु पर्नेछ ।

(छ) माथि (च) बमोजिम दाखिला गरेको रकम नपुग भएमा बहाल घर धनी करदाताहरूले प्रत्येक आर्थिक बर्ष समाप्त भएको १५ दिन भित्र नजिकको राजस्व दाखिला हुने बैंक वा  आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय परिसर भित्र रहेका बैंक वा कोष तथा लेखा नियन्त्रक कार्यालयमा नपुग रकम दाखिला गरी बैंक भौचर सुरक्षित राख्नु पर्नेछ । उक्त रकम दाखिला गर्दा आफुले वास्तविक रूपमा तिर्नुपर्ने रकमबाट भाडावाल व्यक्तिले श्रोतमा कट्टी गरेको कर रकम घटाई दाखिला गर्न सक्नेछ ।

(ज) यस्तो अभिलेख पुस्तिका प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले ३ महिना भित्र अर्थात असोज मसान्त भित्र आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ । ती कार्यालयहरूले पनि पुस्तिकामा जनिए बमोजिमको बैंक भौचर र असुली रकम भिडाई प्रमाणित गरिदिनु पर्नेछ ।

(झ) यसरी भिडेमा र करदाताले कर चुक्ता प्रमाणपत्र माग गरेमा कार्यालयबाट करचुक्ता प्रमाणपत्र उपलब्ध गराइनेछ । अन्यथा प्रमाणित पुस्तिका नै करचुक्ता प्रमाणपत्र सरह मानिनेछ ।

(ञ) सम्वन्धित कार्यालयबाट उक्त पुस्तिकामा भएको प्रवृष्टिको अनुगमन जुनसुकै बखत हुन सक्नेछ ।

(ट) दाखिला गरेको कर वास्तविक वा बजार मूल्यमा आधारित हुनुपर्नेछ । यस्तो नभएमा कर अधिकृतले आयकर ऐन, २०५८ बमोजिम वास्तविक बजार मूल्यमा आधारित भई कर निर्धारण गर्नेछ । वास्तविक बजार मूल्य एकिन गर्नको लागि यस्तै प्रकारको

स्थानको यस्तै प्रकृतिको घरको वहाल लिए वापत अन्य कुनै निकायले तिरेको घर भाडालाई सन्दर्भ मुल्य लाई आधार लिइनेछ र सोही आधारमा संशोधित कर निर्धारण गरिनेछ ।

(ट) सवै करदातालाई कानुनी रूपले करको दायरामा ल्याउने कर प्रशासनको दायित्व भए अनुरूप निरन्तर बजार सर्भेक्षण एवं आयकर ऐन, २०५८ द्धारा प्रदत्त कानुनी अधिकारको उपयोग सवै कार्यालयहरूले गर्नेछन् ।

(२) **निकाय**

निकायले वा व्यवसाय एवं वहाल आय आर्जन गर्ने प्राकृतिक व्यक्तिले घर वहालमा लगाई आय आर्जन गरेको सम्बन्धमा निम्न कार्यविधि अपनाइनेछ ।

(क) उल्लिखित व्यक्तिले अनिवार्य रूपमा स्थायी लेखा नंवर लिनु पर्नेछ । करको दायरामा नआउने त्यस्ता व्यक्तिलाई संवन्धित कार्यालयले अनिवार्य रूपमा दर्ता गराई स्थायी लेखा नंवर प्रदान गर्नेछन् ।

(ख) त्यस्ता व्यक्तिले वास्तविक घर वहाल आय आर्जन गरे अनुरूप आय विवरण पेश गर्नु पर्नेछ ।

(ग) बहाल आय निर्धारण गर्ने प्रयोजनका लागि सन्दर्भ मूल्य कायम गर्न सकिनेछ । त्यस्तो नगरेमा सन्दर्भ मूल्यलाई आधार मानी आयकर ऐन, २०५८ बमोजिम वास्तविक भाडा रकम कायम गरी संशोधित कर निर्धारण गरिनेछ । यस्तो वास्तविक मूल्य प्राकृतिक व्यक्तिको हकमा कायम गरेको सरह प्रकृया अपनाएर कायम गरिनेछ ।

(घ) बहाल करको लागि आयको सन्दर्भ मूल्य कायम गर्दा भाडामा लगाइएको घर वा कोठा वा जग्गा रहेको क्षेत्र, क्षेत्रफल, सडकको स्थिति, व्यवसायिक महत्व समेतको विशेष अध्ययन, विश्लेषण एबं आवस्यकता अनुसार स्थानिय निकायहरूसंग समेत समन्वय गरी एकिन गरिनेछ ।

(ङ) घर जग्गा वहालमा लिई पुन वहाल लिने दिने मा समेत माथी (ग) मा उल्लेखित प्रकृया अवलम्बन गरी बास्तविक मूल्य कायम गरी संशोधित कर निर्धारण गरिनेछ ।

(च) बहाल आयसंग सम्बन्धित वास्तविक खर्च कट्टी गर्न सकिनेछ ।

(छ) वहालको लेनदेन भएको रकममा शंका लागेमा कर अधिकृतले थप एकिन गरी पुष्टि गर्न बैक खाता एवं आय श्रोत समेतको छानविन गरिनेछ । यस्तो छानवीनबाट एकिन गरी संशोधित कर निर्धारण गर्न वाधा पुग्ने छैन ।

## ९. प्रमाणको भार:

करदाताले स्वयं कर निर्धारण गरेको वाहेकको अबस्थामा करको भार बढ्न गएमा कर अधिकृतमाथी प्रमाणको भार हुनेछ ।

## १०. बहाल आयको क्षेत्र:

(१) यो कार्यविधिले घर, घरजग्गा, जग्गा वा अन्य कुनै पनि स्थिर सम्पत्तिलाई वहालमा लगाई आय आर्जन गरेको वा गर्न सक्ने विषयलाई समेट्नेछ ।

(२) करदाताको आय आर्जन सम्बन्धी सूचनामा सम्बन्धित कार्यालयको जुनसुकै तवरबाट निरन्तर एवं निर्वाध पहुंच प्राप्त हुनेछ ।

(३) संबन्धित कार्यालयबाट प्रदान गरिएको पुस्तिका चार बर्षसम्म सुरक्षित राख्नु पर्नेछ । यो पुस्तिका हराए वा नासिएमा सम्बन्धित कार्यालयमा सम्पर्क राखी प्रतिलिपि लिनु पर्नेछ ।

(४) वहाल आय घटबढ भएको अवस्थामा करदाता स्वयंले स्वयं कर निर्धारणमा आधारित भई पुस्तिकामा तदनुरूप प्रविष्ट गर्नुपर्नेछ ।

(५) यो कार्यविधि निर्देशिकामा आयकर ऐन २०५८ को प्रावधान बमोजिम कुनै व्यवस्था छुट भए वा सोमा उल्लेखित भन्दा अन्यथा भए वा अन्य जुनसुकै अवस्थामा पनि आयकर ऐन, २०५८ को व्यवस्था नै लागु हुनेछ ।

अनुसूची १

# करदाताको विवरण

संपत्ति वहाल दिने करदाताको नाम:

स्थायी लेखा नंबर/व्यक्तिगत आयकर नंबर:

ठेगाना:

जिल्ला:

गा.वि.स./ नगरपालिका/ उपमहानगरपालिका/महानगरपालिका:

वडा नं.:

घर नंवर:

सडकको नाम:

फोन नं.:

मोवाइल नं.:

इमेल ठेगाना:

## बहाल सम्बन्धि विवरण

| सम्पत्ती | विवरण | मासिक/बार्षिक बहाल रकम |
|---|---|---|
| घर | | |
| घरजग्गा | | |
| जग्गा | | |
| अन्य सम्पत्ती | | |

.......................
कर दाताको सही

..........................
कर अधिकृतको सही

# अनुसुची २

## बहाल आय असुली तथा दाखिला विवरण

| साल......महिना | मासिक भाडा रकम रू. | बहाल कर रकम रू. | बैंक दाखिला मिति | बैंक भौचर नंम्बर | बैंकको नाम |
|---|---|---|---|---|---|
| श्रावण | | | | | |
| भाद्र | | | | | |
| आश्विन | | | | | |
| कार्तिक | | | | | |
| मार्ग | | | | | |
| पौष | | | | | |
| माघ | | | | | |
| फाल्गुन | | | | | |
| चैत्र | | | | | |
| बैशाख | | | | | |
| जेष्ठ | | | | | |
| असार | | | | | |

**कर दाताको सही**

**प्रमाणित गर्ने कर अधिकृत**

नाम :

पद :

दस्तखत :

कार्यालयको नाम :

बहाल कर असुली सम्बन्धी कार्यविधि निर्देशिका, २०६८
बमोजिमको

# बहाल कर पुस्तीका

नेपाल सरकार
अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग, लाजिम्पाट

२०६८, फाल्गुण

www.ird.gov.np

# करदाताको विवरण

संपत्ति वहाल दिने करदाताको नाम:

स्थायी लेखा नंबर/व्यक्तिगत आयकर नंबर:

ठेगाना:

जिल्ला:

गा.वि.स./ नगरपालिका/ उपमहानगरपालिका/महानगरपालिका:

वडा नं.:

घर नंवर:

सडकको नाम:

फोन नं.:

मोवाइल नं.:

इमेल ठेगाना:

## बहाल सम्बन्धि विवरण

| सम्पत्ती | विवरण | मासिक/बार्षिक बहाल रकम |
|---|---|---|
| घर | | |
| घरजग्गा | | |
| जग्गा | | |
| अन्य सम्पत्ती | | |

......................
कर दाताको सही

.........................
कर अधिकृतको सही

# बहाल आय असुली तथा दाखिला विवरण

| साल……महिना | मासिक भाडा रकम रू. | बहाल कर रकम रू. | बैंक दाखिला मिति | बैंक भौचर नंम्बर | बैंकको नाम |
|---|---|---|---|---|---|
| श्रावण | | | | | |
| भाद्र | | | | | |
| आश्विन | | | | | |
| कार्तिक | | | | | |
| मार्ग | | | | | |
| पौष | | | | | |
| माघ | | | | | |
| फाल्गुन | | | | | |
| चैत्र | | | | | |
| बैशाख | | | | | |
| जेष्ठ | | | | | |
| असार | | | | | |

**कर दाताको सही**

**प्रमाणित गर्ने कर अधिकृत**
नाम :
पद :
दस्तखत :
कार्यालयको नाम :

# बहाल आय असुली तथा दाखिला विवरण

| साल......महिना | मासिक भाडा रकम रू. | बहाल कर रकम रू. | बैंक दाखिला मिति | बैंक भौचर नंम्बर | बैंकको नाम |
|---|---|---|---|---|---|
| श्रावण | | | | | |
| भाद्र | | | | | |
| आश्विन | | | | | |
| कार्तिक | | | | | |
| मार्ग | | | | | |
| पौष | | | | | |
| माघ | | | | | |
| फाल्गुन | | | | | |
| चैत्र | | | | | |
| बैशाख | | | | | |
| जेष्ठ | | | | | |
| असार | | | | | |

......................
**कर दाताको सही**

..................................
**प्रमाणित गर्ने कर अधिकृत**
नाम :
पद :
दस्तखत :
कार्यालयको नाम :

# बहाल आय असुली तथा दाखिला विवरण

| साल......महिना | मासिक भाडा रकम रू. | बहाल कर रकम रू. | बैंक दाखिला मिति | बैंक भौचर नंम्बर | बैंकको नाम |
|---|---|---|---|---|---|
| श्रावण | | | | | |
| भाद्र | | | | | |
| आश्विन | | | | | |
| कार्तिक | | | | | |
| मार्ग | | | | | |
| पौष | | | | | |
| माघ | | | | | |
| फाल्गुन | | | | | |
| चैत्र | | | | | |
| बैशाख | | | | | |
| जेष्ठ | | | | | |
| असार | | | | | |

......................
**कर दाताको सही**

..................................
**प्रमाणित गर्ने कर अधिकृत**
नाम :
पद :
दस्तखत :
कार्यालयको नाम :

# बहाल आय असुली तथा दाखिला विवरण

| साल......महिना | मासिक भाडा रकम रू. | बहाल कर रकम रू. | बैंक दाखिला मिति | बैंक भौचर नंम्बर | बैंकको नाम |
|---|---|---|---|---|---|
| श्रावण | | | | | |
| भाद्र | | | | | |
| आश्विन | | | | | |
| कार्तिक | | | | | |
| मार्ग | | | | | |
| पौष | | | | | |
| माघ | | | | | |
| फाल्गुन | | | | | |
| चैत्र | | | | | |
| बैशाख | | | | | |
| जेष्ठ | | | | | |
| असार | | | | | |

......................
**कर दाताको सही**

.................................
**प्रमाणित गर्ने कर अधिकृत**
नाम :
पद :
दस्तखत :
कार्यालयको नाम :

# बहाल आय कर सम्बन्धी सामान्य जानकारी

१. यो पुस्तिका बहाल आय भएका करदाताहरूको ४ बर्ष सम्मको बहाल आय र कर सम्बन्धी अभिलेख र प्रमाणिकरणका निमित्त तयार गरिएको छ ।

२. घर, घर जग्गा, जग्गा वा अन्य कुनै सम्पत्ती बहालमा लगाई आय आर्जन गर्ने करदाताले आफनो बिवरण, बहाल सम्बन्धी बिवरण र बहाल आय असुली तथा दाखिला बिबरण भरी सम्बन्धीत आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. यो पुस्तिका कार्यालयवाट खटिएको करअधिकृत सहितको सर्वेक्षण टोली वा घुम्ती शिविरवाट पनि प्राप्त गर्न सकिनेछ ।

४. यो पुस्तिका बहाल आयको दर्ता तथा भुक्तानी अभिलेख समेत हो । यो पुस्तिका सुरक्षित साथ राख्नु पर्नेछ । कथंकदाचित हराएमा तत्कालै सम्वन्धित कार्यालयमा सम्पर्क राखि अर्को पुस्तिका लिनु पर्नेछ ।

५. यो विवरण करदाताको बहाल आयको स्वयं घोषणा भएकोले पछि सम्म फरक नपर्ने गरी घोषणा गर्नु पर्नेछ । यस विवरण र प्राप्त गरेको बहाल आयमा फरक परेमा सन्दर्भ मूल्यको आधारमा संशोधित करनिर्धारण हुन सक्नेछ ।

६. आफूले मासिक रूपमा वा एकमुष्ट प्राप्त गरेको बहाल आयमा त्यस्तो आयको १० प्रतिशत बहाल कर लाग्दछ र प्राकृतिक ब्यक्तिका लागी यो अन्तिम कर कट्टी हुनेछ । तर व्यबशाय समेत गर्ने प्राकृतिक व्यक्ति वा निकायले बहालआय प्राप्त गरेमा ऐनले तोकेको समयभित्र आय बिबरण पेश गर्नु पर्नेछ ।

७. बहाल आयको कर श्रोतमै कट्टी भएको अवस्थामा श्रोतमा कट्टी गर्ने व्यक्तिले र श्रोतमा कर कट्टी नभएको अवस्थामा बहाल आय प्राप्त गरेको अर्को महिनाको १५ गते भित्र अनिवार्यरूपमा नजिकको राजस्व दाखिला हुने बैंकमा भौचर भरी दाखिला गर्नु पर्नेछ ।

८. दाखिला गरेको रकम नपुग भएमा बहाल घर धनी करदाताहरूले प्रत्येक आर्थिक बर्ष समाप्त भएको १५ दिन भित्र नजिकको राजस्व दाखिला हुने बैंक वा आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय परिसर भित्र रहेका बैंक वा कोष तथा लेखा नियन्त्रक कार्यालयमा नपुग रकम दाखिला गरी बैंक भौचर सुरक्षित राख्नु पर्नेछ । उक्त रकम दाखिला गर्दा आफुले वास्तविक रूपमा तिर्नुपर्ने रकमबाट भाडावाल व्यक्तिले श्रोतमा कट्टी गरेको कर रकम घटाई दाखिला गर्न सक्नेछ ।

९. हरेक आर्थिक बर्ष समाप्त भएको ३ महिनाभित्र यो पुस्तिका आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमााणित गराउनु पर्दछ ।

१०. बहाल आयको कर चुक्ता प्रमाण पत्र चाहिएमा यसै साथ संलग्न बहाल आय आर्जन गर्ने करदाताले भर्नु पर्ने विवरण फाराम भरी तोकिएको ढांचाको निवेदन साथ सम्बन्धित आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्दछ ।

११. बहाल धनी करदाताले कुनै समयमा बहाल आय प्राप्त नगरेमा यसै पुस्तिकामा जनाई राख्नु पर्दछ । तीन महिना भन्दा बढी अवधी सम्म पनि बहाल आय प्राप्त नभएमा वा बहाल रकम घटबढ भएमा सो को लिखित जानकारी कार्यालयमा गराई दर्ता नंम्बर समेत लिई राख्नु पर्दछ । यसै निर्देशिकाको अनुसूचीमा दिईएको निवेदन कार्यालयमा दर्ता गराई दर्ता नम्वर लिनु पर्दछ ।

१२. बहाल दिने ब्यक्तिले व्यक्तिगत आयकर नंवर लिनु पर्नेछ ।

१३. वहालको लेनदेन बारे एकिन हुन नसकि थप पुष्टि गर्न आबस्यक भएमा बैक खाता एवं श्रोत समेतको छानविन गरी संशोधित कर निर्धारण गर्न वाधा पुग्ने छैन ।

# आ.रा.वि./आ.रा.का. तथा करदाता सेवा कार्यालयहरूको टेलिफोन तथा फ्याक्स नंबरहरू

| कार्यालयको नाम | टेलिफोन नम्वर | फ्याक्स नं. |
|---|---|---|
| आन्तरिक राजश्व विभाग | ४४१५८०२, ४४१५८०३ ४४१०३४० | ४४११७८८ |
| आ.रा.का. भद्रपुर | ०२३-४४५५०१२ | ०२३ ४४५५०१९ |
| आ.रा.का. धरान | ०२५-५२०९८२ | ०२५ ५२८२८३ |
| आ.रा.का. विराटनगर | ०२१-५३०१६६ | ०२१ ५२२७१७ |
| आ.रा.का. लाहान | ०३३-५६०१८८ | ०३३ ५६०४४९ |
| आ.रा.का. जनकपुर | ०४१-५२०१३६ | ०४१ ५२०२९७ |
| आ.रा.का. सिमरा | ०५३-५२०९३० | ०५३ ५२०७१३ |
| आ.रा.का. विरगंज | ०५१-५२२११२ | ०५१ ५२२११२ |
| आ.रा.का. हेटौडा | ०५७-५२३१०१ | ०५७ ५२०३०८ |
| आ.रा.का. भरतपुर | ०५६-५२०१०६ | ०५६ ५२६७७८ |
| आ.रा.का. पोखरा | ०६१-४६४४४९ | ०६१ ४६४४४९ |
| आ.रा.का. भैरहवा | ०७१-४२०८५७ | ०७१ ४२१७६३ |
| आ.रा.का. वुटवल | ०७१-४३७७७६ | ०७१ ४३८८६३ |
| आ.रा.का. कृष्णनगर | ०७६-४२०६३२ | ०७६ ४२००३२ |
| आ.रा.का. दाङ | ०८२-५२२१०९ | ०८२ ५२०००९ |
| आ.रा.का. नेपालगंज | ०८१-५२००२६ | ०८१ ५२६२०९ |
| आ.रा.का. धनगढी | ०९१-५२१२०६ | ०९१ ५२१२०६ |
| आ.रा.का. महेन्द्रनगर | ०९९-५२११०६ | ००९ ५२११०६ |
| आ.रा.का. ललितपुर | ०१-५०१००९ | ०१ ५०१००१० |
| आ.रा.का. भक्तपुर | ०१-६६१२२२६ | ०१ ६६१४७९५ |
| आ.रा.का. काठमाडौं १ | ०१-४२४१३०१ | ०१ ४२२९८७३ |
| आ.रा.का. काठमाडौं १ | ०१-४२२६३५५ | |
| आ.रा.का. काठमाडौं १ | ०१-४२२६३५५ | |
| आ.रा.का. काठमाडौं १ | ०१-४२२६३५५ | |
| आ.रा.का. काठमाडौं १ | ०१-४२२६३५५ | |
| आ.रा.का. काठमाडौं २ | ०१-४२२२६०८ | २२२६०८ |
| आ.रा.का. काठमाडौं २ | ०१-४४८७२१३ | |

| | | |
|---|---|---|
| आ.रा.का. काठमाडौं २ | ०१–४७८२६१६,<br>०१–४१५५००९ | |
| आ.रा.का. काठमाडौं ३ | ०१–४४२६८१९<br>०१–४४४०२१५<br>०१–४४२६८१९<br>०१–४४४०२१५<br>०१–४४१५९७० | ४४१०२८६<br>४४१०२८५ |
| ठूला करदाता कार्यालय | ०१–५०१००५१ | ५०१००५१ |
| ठूला करदाता कार्यालय | ०१–५०१०१८७<br>०१–५०१०२०३<br>०१–५०१०११७<br>०१–५०१०१८६<br>०१–५०१०२०४ | |
| क.से.का.चावहिल | ०१–४४८४३४० | |
| क.से.का.कोटेश्वर | ०१–४४८९२४७ | |
| क.से.का.पुतलीसडक | ०१–४२४३१७६ | |
| क.से.का.वत्तिसपुतली | ०१–४४११३६९० | |
| क.से.का.वानेश्वर | ०१–४४८४६७१ | ४४८५५४३ |
| क.से.का.त्रिपुरेश्वर | ०१–४२३०५६३ | |
| क.से.का.नयाँसडक | ०१–४२६६५७२ | ४२६६६५३ |
| क.से.का.ठमेल | ०१–४२१८९५३ | |
| क.से.का.महाराजगंज | ०१–४४१९२६४ | |
| क.से.का.वालाजु | ०१–४३८९७९१ | ४३८९७९४ |
| क.से.का.कलंकी | ०१–४२८५९५१ | ४२८५९५१ |
| क.से.का.कालिमाटी | ०१–४२८३६५८ | ४२८२८१२ |
| क.से.का.टंगाल | ०१–४४३९४७६ | ४४३९४७६ |